प.सं.:/२०७६/७७ मितिः२०७६।५।१८

**<u>वैदेशिक रोजगारीसम्बन्धी विज्ञापन प्रकाशन गर्दा ध्यान पुऱ्याउनु पर्ने बिषयमा सवै प्रकाशन प्रसारण संस्थाहरुलाई वैदेशिक रोजगार विभागको अनुरोध</u>**

वैदेशिक रोजगार ऐन, २०६४ मा व्यवस्था भए अनुरुप इजाजतपत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने र वैदेशिक रोजगारमा कामदार पठाउन विभागबाट पूर्वस्वीकृति लिई तोकिए बमोजिमको विवरण खुल्ने गरी कामदार छनौट गर्न नेपाली भाषामा प्रकाशन हुने कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिई विज्ञापन प्रकाशन गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था छ।

उपर्युक्त कानूनी प्रावधानको बर्खिलाप हुने गरी हालैका दिनहरुमा देशभित्र प्रकाशित हुने पत्रपत्रिका तथा अनलाइन पोर्टलमार्फत यस विभागबाट इजाजतपत्र प्राप्त नगरेका संस्था/व्यक्तिहरुले समेत वैदेशिक रोजगारमा जान चाहने मानिसहरुलाई लक्षित गरी विज्ञापन प्रकाशन गरेको र सोही कारणबाट सर्वसाधारण नेपालीहरु ठगीएको देखिएको हुनाले सर्वसाधारण नेपालीहरुलाई त्यस्तो अनधिकृत विज्ञापनको कारण ठगीनबाट जोगाउन र वैदेशिक रोजगारको सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाको परिपालना गर्नको लागि प्रकाशन/प्रसारण संस्थाहरुले वैदेशिक रोजगार सम्बन्धी विज्ञापन प्रकाशन/प्रशारण गर्नुअघि सम्बन्धित विज्ञापनको सम्बन्धमा यस विभागबाट पुर्वस्वीकृती प्राप्त गरे नगरेको यकिन गरेर मात्र विज्ञापन प्रकाशन/प्रशारण गर्ने गराउने व्यवस्था हुन सबै प्रकाशन/प्रसारण संस्थाहरुमा अनुरोध गरिन्छ।